# Far Western University Incubation Center

Estd.: 2023

Dhangadhi, Kailali

## सुदूरपश्चिम विश्वविद्यालय

## इन्क्युवेसन सेन्टर धनगढी, कैलाली

**सुदूरपश्चिम विश्वविद्यालय, इन्क्युवेसन सेन्टरको व्यवसायिक प्रस्तावना आह्वान सम्बन्धी सूचना ।**

प्रकाशित मितिः २०८२/१०/२६

सुदूरपश्चिम विश्वविद्यालय, इन्क्युवेसन सेन्टर व्यवस्थापन समितिको मिति २०८२ मंसिर ३ गतेको निर्णय बमोजिम विश्वविद्यालय अनुदान आयोगले व्यवसायिक नवप्रवर्द्धन एवम् स्वरोजगारमूलक व्यवसायको प्रस्फुटन गराएर युवा उद्यमशीलता प्रवर्द्धनका लागि प्राप्त अनुदान अन्तर्गत सु.प.वि. अन्तर्गतका सम्पूर्ण क्याम्पस तथा केन्द्रीय विभागहरू र सम्बन्धन प्राप्त क्याम्पसमा कार्यरत ४० वर्ष उमेर ननाघेका प्राध्यापकहरू अध्ययनरत विद्यार्थीहरू र अध्ययन पुरा गरेको ५ वर्ष पुरा नभएका पूर्व विद्यार्थीहरूमध्येबाट एकल वा बढीमा ५ जनाको समूह बनाई नबिन व्यवसाय सञ्चालन सम्बन्धी प्रस्ताव तपसिलका आवश्यक कागजातहरू सहित इन्क्युवेसन सेन्टरको कार्यालयमा सफ्टकपी इमेल मार्फत वा हार्डकपी २०८२ फाल्गुन २९ गते कार्यालय समयभित्र बुझाउन यो सुचना सम्बन्धित सबैका लागि जानकारी गराईन्छ ।

**तपसिल :**

१. नागरिकताको प्रतिलिपि (समूह भएमा सबैको) ।

२. नियमित अध्ययनरत विद्यार्थीको हकमा परिचय पत्रको प्रतिलिपि र पूर्व विद्यार्थीको हकमा आफूले अध्ययन गरेको संस्थाबाट सिफारिस पत्र र प्राध्यापकको हकमा परिचय पत्रको प्रतिलिपि ।

३. सम्बन्धित शैक्षिक संस्थाबाट सिफारिस गरिएको पत्र ।

४. व्यवसाय सञ्चालन प्रस्तावमा खुलाउनु पर्ने कुराहरूः

Introduction, Nature of Business, Financial Plan, Product Specification, Marketing Strategies, Sustainability Plan, Innovativeness and Business Ethics.

५. व्यवसायिक प्रस्ताव छनोट प्रकृयाः प्रस्तावनाको मूल्याङ्कन तथा छनौट सुदूरपश्चिम विश्वविद्यालय इन्क्युवेसन सेन्टरको व्यवस्थापन समितिले निर्धारण गरेको मापदण्ड अनुरूप हुनेछ ।

६. छनौट भएका प्रस्तावलाई सुदूरपश्चिम विश्वविद्यालय इन्क्युवेसन सेन्टरले आर्थिक र प्राविधिक सहयोग प्रदान गर्ने छ ।


सम्पर्कः

सुदूरपश्चिम विश्वविद्यालय इन्क्युवेसन सेन्टर

धनगढी, कैलाली

Email: incubation@fwu.edu.np

सम्पर्क नं. ०९१-५२१२२३